शुभारम्भ...शिवम्‌सँग

SHIVAM CEMENT

COM. REG.No. : 137210/072/73
VAT/PAN No. : 302436213

NS QUALITY AWARD-2019
प्रथमद्वारा पुरस्कृत संस्था

मिति: २०७७।०६।२३ गते ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,

काठमाडौंप्लाजा, काठमाडौं ।

**विषय : नगद लाभाँस वितरण गर्ने प्रस्ताव सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा यस शिवम् सिमेन्ट्स लिमिटेडको संचालक समितिको मिति २०७८।६।२२ गते शुक्रबार साँझ ६ बजे बसेको ९२ औं बैठकको निर्णय बमोजिम आ.व. २०७७।०७८ को मुनाफा रकम समेतबाट कम्पनीका शेयरधनी महानुभावहरुलाई आगामी वार्षिक साधारण सभाबाट पारित भएपछि निम्न अनुसारको लाभाँस (लाभाँसमा लाग्ने कर सहित) वितरण गर्न प्रस्ताव गर्ने निर्णय भएकोले सोही व्यहोरा ताँहाको जानकारीका लागि सादर अनुरोध गर्दछौं ।

**वितरण गर्न प्रस्ताव गरिएको लाभाँस विवरण:**

(१). चुक्ता पूंजीको २९ प्रतिशतका दरले हुन आउने नगद लाभाँस रकम रु.१,२७,६०,००,०००। ( अक्षेरुपी एक अर्व सत्ताईस करोड साठी लाख मात्र)।

**सम्लग्न :**

(१). आ.व. २०७७।०७८ को वार्षिक साधारण सभाको लागि प्रकाशन गर्न तयार गरिएको सूचना सहितको विवरण ।

सहयोगका लागि धन्यवाद ।

**भवदीय,**

(लेखनाथ अर्याल)

कम्पनी सचिव

SHIVAM CEMENTS LIMITED NEPAL

# शिवम सिमेन्ट्स लिमिटेडको

## छैठौं वार्षिक (आ. व. २०७७।०७८) साधारण सभा सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित : २०७८/०६/१३ गते**

**श्री शेयरधनी महानुभवहरु**

यस शिवम् सिमेन्ट्स लिमिटेड कम्पनीको संचालक समितिको मितिः २०७८।०६।२२गते, (तदनुसार ८, अक्टुवर २०२१) मा बसेको ९२ औं बैठकको निर्णय बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभा (Virtual Zoom Meeting) मार्फत सहभागि हुन सक्ने गरी निम्न मिति, स्थान र समयमा तल लेखिएका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभवहरूको जानकारी तथा उपस्थितीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय:**

| | |
|---|---|
| सभा हुने मिति | : २०७८ साल कार्तिक १६ गते, तदनुसार ( २ नोभेम्बर २०२१) मंगलबार । |
| सभा शुरू हुने समय | : विहान १०:०० बजे । |
| स्थान | : होटल सोल्टी, सोल्टीमोड, काठमाडौं । |

(कोरोना भाइरस संक्रमण कोभिड–१९ जोखिमका कारण नेपाल सरकार, जिल्ला प्रशासन कार्यालयद्वारा तोकिएको स्वास्थ्य सुरक्षा सम्बन्धि सबै मापदण्ड पालना गरी साधारण सभामा भिडियो कन्फ्रेन्स मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई Zoom ID/Passcode उपलब्ध गराउने व्यवस्था गरिएको छ)

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु:**

**क) सामान्य प्रस्तावहरु:**

१) कम्पनी संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७७।०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको बार्षिक प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७७।०७८ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले.प. सम्बन्धि अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनीको आ. व. २०७८।०७९ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनी संचालक समितिले प्रस्ताव गरे बमोजिम आ. व. २०७७।०७८ को मुनाफा रकम समेतबाट शेयरधनीहरूलाइ चुक्ता पूँजी रू. ४ अर्व ४० करोडको २९ प्रतिशत (उनान्तिस प्रतिशत) का दरले हुन आउने रू.१,२७,६०,००,०००। अक्षेरूपी (एक अर्व सत्ताईस करोड साठी लाख) मात्र (लाभाँस रकममा लाग्ने कर सहित) नगद लाभाँस वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५) कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्था तथा यसै संस्थाका सम्बद्ध अन्य कम्पनीसंग गरेको कारोवार छलफल गरी पारित गर्ने ।

६) कम्पनीले आफ्नो उद्येश्य एवं परियोजना बमोजिमका कार्यहरूका लागि कम्पनीको चुक्ता पूँजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरूबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

७) विविध ।

**(ख) विशेष प्रस्ताव:**

१) कम्पनीको स्वीकृत प्रबन्ध पत्रको ४ (१) को खण्ड (झ) पछि खण्ड (ञ) मा निम्न अनुसारको उद्येश्य संशोधनद्वारा थप गर्ने ।

आइरन ओर, फलाम, खनिज तेल, खनिज नून, डोलोमाइट, खरि, रेडक्ले, चुनढुंगा लगायतका धातु तथा अधातु खनिज पदार्थहरूको खोज अनुसन्धान, संकलन, उत्खनन्, ढुवानी तथा खरिद विक्री गर्ने । चुनढुंगा उत्खनन गर्दा निष्कने ओभर वर्डनलाई खानीस्थलबाट व्यवस्थापन गर्न क्रसिंग गरी वा नगरी सडक, पुल भवन, कुलो नहर निर्माणमा आवश्यक पर्ने निर्माण सामाग्रीको रूपमा उपयोग गर्ने, अन्य व्यक्ति वा संस्थालाई हटाउन लगाउने वा विक्री गरी ओभरवोर्डन व्यवस्थापन गर्ने गरी विशेष प्रस्ताव पारित गर्ने ।

२) विविध ।

सञ्चालक समितिको आज्ञाले,<br>
(लेखनाथ अर्याल)<br>
कम्पनी सचिव

## साधारण सभा सम्बन्धि अन्य जानकारी

१) सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा साधारण सभाको सूचना र वार्षिक प्रतिवेदन पुस्तिका पठाइने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा संस्थाको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं बाट प्राप्त गर्न सक्नुहुनेछ । साथै सो सम्बन्धि सूचना र वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाइट www.shivamcement.com मा समेत उपलब्ध गराइएको छ ।

२) भिडियो कन्फ्रेन्स मार्फत आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरूले info@shivamcement.com मा इमेल गरी वा ०१–५७०६८०४ मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ । भिडियो कन्फ्रेन्स मार्फत उपस्थित हुने शेयरधनीहरूलाई Meeting ID/ Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईनेछ ।

३) सभा शुरू हुनुभन्दा १ घण्टा अगाडिबाट भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) खुल्ला गरिनेछ । उक्त १ घण्टाको समयभित्र सभामा सहभागी हुने शेयरधनीहरूले दिइएको Zoom ID / Passcode को माध्यमबाट Zoom Login गरी आफनो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितीको जानकारी सभालाई दिनु पर्नेछ । शेयरधनी महानुभावहरूले ऋजबत द्ययह बाट समेत आफ्नो परिचय, डिम्याट खाता नं र शेयर कित्ता सहितको जानकारी गराई उपस्थिति यकिन गराउन सक्नु हुनेछ ।

४) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी फारम) भरी कम्पनीको कर्पोरेट कार्यालय, काठमाडौंमा सभा शुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् २०७८।०७।१४ गते बिहान १०:०० बजे भित्र इमेल मार्फत दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति शेयरधनी हुनु अनिवार्य छ ।

५) नावालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट यस कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन प्रतिनिधि तोक्न पाउनेछन् ।

६) संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनु हुनेछ ।

७) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरवदल गर्न चाहेमा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै सोको सूचना कम्पनीको कर्पोरेट कार्यालय, अनामनगर काठमाडौंमा इमेल मार्फत दर्ता गरीसक्नुपर्नेछ । अन्यथा प्रतिनिधि फेरवदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतहः बदर हुनेछ ।

८) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा/गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुने छ । त्यसपछि आउने प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ ।

९) छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल गर्नु पर्ने भए ईच्छुक शेयधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु हुन अनुरोध छ । उक्त विषय छलफलमा समावेश गरिए पनि निर्णयको रूपमा रहने छैन ।

**१०) बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८।०७।०८ गते एक दिन मात्र शेयर दाखिला खारेज कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८।०७।०७ सम्म कायम रहेका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र नगद लाभाँस प्राप्त गर्न सक्नु हुनेछ ।**

११) शेयरधनीहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रूपले उत्तर दिइनेछ ।

१२) कोभिड १९ को कारण पर्न सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नु पर्ने भनि तोकिएका स्वास्थ्य तथा सुरक्षा सम्बन्धि सम्पूर्ण मापदण्ड र सुरक्षात्मक उपायहरू अवलम्बन गरी सभा संचालनको प्रबन्ध मिलाइएको छ । साथै कम्पनीका शेयरधनी महानुभावहरूले यस सभामा अनलाईन मार्फत समेत सहभागिता जनाउन सक्नु हुनेछ ।

१३) अन्य जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नम्बर ०१–५७०६८०४) मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

शिवम्<br>
सिमेन्ट

# शिवम सिमेन्ट्स लिमिटेडको

## छैठौं वार्षिक (आ. व. २०७७।०७८) साधारण सभा सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित : २०७८/०६/२४ गते**

**श्री शेयरधनी महानुभवहरू**

यस शिवम् सिमेन्ट्स लिमिटेड कम्पनीको संचालक समितिको मितिः २०७८।०६।२२गते, (तदनुसार ८, अक्टुवर २०२१) मा बसेको ९२ औं बैठकको निर्णय बमोजिम कम्पनीको छैठौं वार्षिक साधारण सभा (Virtual Zoom Meeting) मार्फत सहभागि हुन सक्ने गरी निम्न मिति, स्थान र समयमा तल लेखिएका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा सम्पूर्ण शेयरधनी महानुभवहरूको जानकारी तथा उपस्थितीका लागि कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, स्थान र समय:**

| | |
|---|---|
| सभा हुने मिति | : २०७८ साल कार्तिक १६ गते, तदनुसार ( २ नोभेम्बर २०२१) मंगलबार । |
| सभा शुरू हुने समय | : विहान १०:०० बजे । |
| स्थान | : होटल सोल्टी, सोल्टीमोड, काठमाडौं । |

(कोरोना भाइरस संक्रमण कोभिड–१९ जोखिमका कारण नेपाल सरकार, जिल्ला प्रशासन कार्यालयद्वारा तोकिएको स्वास्थ्य सुरक्षा सम्बन्धि सबै मापदण्ड पालना गरी साधारण सभामा भिडियो कन्फ्रेन्स मार्फत सहभागी हुन शेयरधनी महानुभावहरूलाई Zoom ID/Passcode उपलब्ध गराउने व्यवस्था गरिएको छ)

**छलफल तथा निर्णयका लागि निर्धारित विषयहरु:**

**क) सामान्य प्रस्तावहरु:**

१) कम्पनी संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व. २०७७।०७८ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको बार्षिक प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तसम्मको कम्पनीको वासलात तथा सोही मितिमा समाप्त भएको आ. व. २०७७।०७८ को नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण सहितका ले.प. सम्बन्धि अनुसूचीहरू उपर छलफल गरी पारित गर्ने ।

३) कम्पनीको आ. व. २०७८।०७९ को आय व्ययको लेखापरीक्षण कार्यका लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४) कम्पनी संचालक समितिले प्रस्ताव गरे बमोजिम आ. व. २०७७।०७८ को मुनाफा रकम समेतबाट शेयरधनीहरूलाइ चुक्ता पूँजी रू. ४ अर्व ४० करोडको २९ प्रतिशत (उनान्तिस प्रतिशत) का दरले हुन आउने रू.१,२७,६०,००,०००। अक्षेरुपी (एक अर्व सत्ताईस करोड साठी लाख) मात्र (लाभाँस रकममा लाग्ने कर सहित) नगद लाभाँस वितरण गर्ने प्रस्ताव उपर छलफल गरी पारित गर्ने ।

५) कम्पनी ऐन २०६३ को दफा ९३ बमोजिम यस कम्पनीका आधारभूत शेयरधनी वा संचालक सम्बद्ध रहेको संस्था तथा यसै संस्थाका सम्बद्ध अन्य कम्पनीसंग गरेको कारोवार छलफल गरी पारित गर्ने ।

६) कम्पनीले आफ्नो उद्येश्य एवं परियोजना बमोजिमका कार्यहरूका लागि कम्पनीको चुक्ता पूँजी भन्दा बढि रकम कुनै बैंक तथा वित्तिय संस्थाहरूबाट थप कर्जा सुविधा लिनु परेको खण्डमा पनि कर्जा सम्झौता गरी आवश्यक रकम कर्जा सुविधा लिने सम्बन्धमा आवश्यकतानुसार निर्णय गर्न संचालक समितिलाई पूर्ण अख्तियारी दिने प्रस्ताव पारित गर्ने ।

७) विविध ।

**(ख) विशेष प्रस्ताव:**

१) कम्पनीको स्वीकृत प्रबन्ध पत्रको ४ (१) को खण्ड (झ) पछि खण्ड (ञ) मा निम्न अनुसारको उद्येश्य संशोधनद्वारा थप गर्ने ।

आइरन ओर, फलाम, खनिज तेल, खनिज नून, डोलोमाइट, खरि, रेडक्ले, चुनढुंगा लगायतका धातु तथा अधातु खनिज पदार्थहरूको खोज अनुसन्धान, संकलन, उत्खनन्, ढुवानी तथा खरिद विक्री गर्ने । चुनढुंगा उत्खनन गर्दा निष्कने ओभर वर्डनलाई खानीस्थलबाट व्यवस्थापन गर्न क्रसिंग गरी वा नगरी सडक, पुल भवन, कुलो नहर निर्माणमा आवश्यक पर्ने निर्माण सामाग्रीको रूपमा उपयोग गर्ने, अन्य व्यक्ति वा संस्थालाई हटाउन लगाउने वा विक्री गरी ओभरवोर्डन व्यवस्थापन गर्ने गरी विशेष प्रस्ताव पारित गर्ने ।

२) विविध ।

सञ्चालक समितिको आज्ञाले,
(लेखनाथ अर्याल)
कम्पनी सचिव

## साधारण सभा सम्बन्धि अन्य जानकारी

१) सम्पूर्ण शेयरधनी महानुभावहरूलाई शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा साधारण सभाको सूचना र वार्षिक प्रतिवेदन पुस्तिका पठाइने व्यवस्था गरिएको छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा संस्थाको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं बाट प्राप्त गर्न सक्नुहुनेछ । साथै सो सम्बन्धि सूचना र वार्षिक प्रतिवेदन यस कम्पनीको वेवसाइट www.shivamcement.com मा समेत उपलब्ध गराइएको छ ।

२) भिडियो कन्फ्रेन्स मार्फत आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरूले info@shivamcement.com मा इमेल गरी वा ०१–५७०६८०४ मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ । भिडियो कन्फ्रेन्स मार्फत उपस्थित हुने शेयरधनीहरूलाई Meeting ID/ Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाईनेछ ।

३) सभा शुरू हुनुभन्दा १ घण्टा अगाडिबाट भिडियो कन्फ्रेन्स (Virtual Zoom Meeting) खुल्ला गरिनेछ । उक्त १ घण्टाको समयभित्र सभामा सहभागी हुने शेयरधनीहरूले दिइएको Zoom ID / Passcode को माध्यमबाट Zoom Login गरी आफनो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितीको जानकारी सभालाई दिनु पर्नेछ । शेयरधनी महानुभावहरूले ऋजबत द्ययह बाट समेत आफ्नो परिचय, डिम्याट खाता नं र शेयर कित्ता सहितको जानकारी गराई उपस्थिति यकिन गराउन सक्नु हुनेछ ।

४) साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले कम्पनीको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी फारम) भरी कम्पनीको कर्पोरेट कार्यालय, काठमाडौंमा सभा शुरू हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै अर्थात् २०७८।०७।१४ गते बिहान १०:०० बजे भित्र इमेल मार्फत दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति शेयरधनी हुनु अनिवार्य छ ।

५) नावालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरूको तर्फबाट यस कम्पनीको शेयर लगत दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन प्रतिनिधि तोक्न पाउनेछन् ।

६) संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनु हुनेछ ।

७) सभामा भाग लिन प्रतिनिधि नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधि फेरवदल गर्न चाहेमा सभा शुरू हुनु भन्दा कम्तिमा ४८ घण्टा अगावै सोको सूचना कम्पनीको कर्पोरेट कार्यालय, अनामनगर काठमाडौंमा इमेल मार्फत दर्ता गरीसक्नुपर्नेछ । अन्यथा प्रतिनिधि फेरवदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतहः बदर हुनेछ ।

८) कुनै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा/गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुने छ । त्यसपछि आउने प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ ।

९) छलफलका विषय सूची मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल गर्नु पर्ने भए ईच्छुक शेयधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत् सञ्चालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु हुन अनुरोध छ । उक्त विषय छलफलमा समावेश गरिए पनि निर्णयको रूपमा रहने छैन ।

**१०) बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७८।०७।०८ गते एक दिन मात्र शेयर दाखिला खारेज कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०७८।०७।०७ सम्म कायम रहेका शेयरधनीहरुले मात्र सो सभामा भाग लिन र नगद लाभाँस प्राप्त गर्न सक्नु हुनेछ ।**

११) शेयरधनीहरूले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सभाका सभापति आफैले वा सभाका सभापतिबाट आदेश पाएका व्यक्तिबाट सामुहिक रूपले उत्तर दिइनेछ ।

१२) कोभिड १९ को कारण पर्न सक्ने सम्भावित असर तथा जोखिमलाई मध्यनजर गरी नेपाल सरकारले पालना गर्नु पर्ने भनि तोकिएका स्वास्थ्य तथा सुरक्षा सम्बन्धि सम्पूर्ण मापदण्ड र सुरक्षात्मक उपायहरू अवलम्बन गरी सभा संचालनको प्रबन्ध मिलाइएको छ । साथै कम्पनीका शेयरधनी महानुभावहरूले यस सभामा अनलाईन मार्फत समेत सहभागिता जनाउन सक्नु हुनेछ ।

१३) अन्य जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालय, सिद्धार्थ इन्सुरेन्स भवन दोश्रो तल्ला अनामनगर, काठमाडौं स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन नम्बर ०१–५७०६८०४) मा सम्पर्क राख्नु हुन अनुरोध छ ।

शिवम्
सिमेन्ट